# भागेश्वर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बगरकोट, डडेल्धुरा- सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०७९।०८०
च.नं.

मितिः २०८०/०३/१३

### विषयः- सूचना ! सूचना !! सूचना !!!

भागेश्वर गाउँपालिका सहकारी ऐन, २०७५ को दफा २८ को उपदफा २ ले संस्थाको साधारण सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र बोलाउनुपर्ने, दफा ५४ को उपदफा १ ले आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ३ महिनाभित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट संस्थाको प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण गराउनुपर्ने र दफा ५२ ले तोकिए बमोजिमका विवरणहरू बुझाउनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा ७९ ले विभिन्न कसुरजन्य कार्यहरू, दफा ८१ ले सजाय, दफा ८२ ले जरिवाना र दफा ६६ ले सहकारीको विघटन वा दर्ता खारेजीको व्यवस्था गरेको छ, । कतिपय सहकारी संस्थाले 'यस्तो कानूनी व्यवस्था हुँदाहुँदै केही सहकारी संस्थाहरूले साधारण सभाको जानकारी, लेखापरीक्षण प्रतिवेदन लगायत तोकिए बमोजिमका विवरणहरू समयमा नै पेस गर्ने गरेको नपाइएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र भागेश्वर गाउँ पालिकाको प्रशासन तथा सहकारी फांटमा उक्त विवरणहरू बुझाई अद्यावधिक गर्नुहुन सम्बन्धित सबै सहकारी संस्थाहरूलाई अनुरोध गरिन्छ।

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**